# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३/११/२३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------------------

जिल्ला बारा, कर्चौवा गा.वि.स.को कार्यालयका गा.वि.स. सचिव जयपत प्रसाद यादव र जि.वि.स., बाराका योजना प्रमुख भनिएका सूचना तथा सामाजिक विकास अधिकृत भरत प्रसाद यादवले सामाजिक सुरक्षा भत्तामा खर्च गर्नु पर्ने सरकारी रकम मिलोमतोमा हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको आधारमा अनुसन्धान हुंदा भरत प्रसाद यादवले बदनियतसाथ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिएकोले निज भरत प्रसाद यादवलाई बिगो रू.६,४५,१५०।-(छ लाख पैंतालिस हजार एकसय पचास) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय गर्ने र तत्कालिन गा.वि.स. सचिव जयपत प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको देखिएकोले निज जयपत प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (ङ) बमोजिम सजाय हुनको मागदावी हुनुपर्नेमा निज जयपत प्रसाद यादवको मिति २०७१/१०/१८ गते मृत्यु भईसकेको हुंदा निजले हानी नोक्सानी, हिनामिना गरेको बिगो रू.८,९६,०००।- (आठ लाख छयान्नब्बे हजार) निजको हकदारबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता